






# सफलताका कथाहरु

## बझाङ

# साझेदार संस्थाहरू

## Dalit Help Society

### PROGRAM FEATURES

**Nutrition and Resilient Livelihood Programme**

## Pragitishil Yuwa Samaj

### PROGRAM FEATURES

**Inclusive and Quality Education Programme**

**Protection and Community Engagement and Sponsorship Programme**

# मैले पढाई शिविरमा मेरो आवाज फेला पारेँ



अमृता पढाइ शिविरमा सक्रिय रूपमा सहभागी हुँदै।

## पढाई शिविर

अमृता, बझाङको सानो गाउँकी सानी नानी, अहिले भर्खरै कक्षा ५ मा प्रवेश गरिन् । उनले कक्षा ४ राम्रो अङ्कसहित उत्तीर्ण गरिन्, र उनको अनुहारमा मुस्कान थियो—सिर्फ अंक राम्रो भएकोले होइन, तर आफ्ना आमाबाबुलाई गर्व दिलाएको कारणले पनि। ५९ जना विद्यार्थीहरूमध्ये उनी दशौं स्थानमा आएकी थिइन्।

हरेक बिहान उनी ७ बजे उठ्छिन्, मुखधुने गर्छिन्, आमालाई घरायसी काममा सघाउँछिन्, र विद्यालय जान तयार हुन्छिन्। उनका बुवा लोहारको काम गर्नुहुन्छ भने आमा घरको हेरचाह गर्नुहुन्छ। जीवन सरल छ, तर अमृताको लागि सपना ठूला छन्। उनी गायिका, कवि र चित्रकार बन्न चाहन्छिन्।

**"सुरुमा उनी निकै लाज मान्थिन् र बोल्न डराउँथिन्," पढाई शिविरकी प्रशिक्षक कल्पनाले भनिन्। "तर नियमित गतिविधि र हौसला पाएपछि उनको आत्मविश्वास धेरै बढ्यो। उनको पढाइ पनि सुध्रिएको छ।"**

अमृताले पढाई शिविर कक्षा २ देखि कक्षा ४ सम्म नियमित रूपमा जान थालिन्। अहिले उनी उमेरले शिविरको सहभागी बन्नेभन्दा अगाडि भइसकिन्, तर ती वर्षहरूको प्रभाव उनको जीवनमा गहिरो छाप छोडेर गएको छ। पढाई शिविरले उनलाई नयाँ संसार देखायो यस्तो ठाउँ जहाँ उनी खेल्न, गाउन, सिर्जना गर्न, र सबैभन्दा महत्वपूर्ण कुरा , स्वतन्त्र रूपमा आफूलाई व्यक्त गर्न सक्छिन् ।



अमृता शिविरमा रंगीन चित्र कोर्दै।



अमृता पढाइ शिविरमा सक्रिय रूपमा सहभागी हुँदै।

शिविरमा विभिन्न रमाइला र शैक्षिक गतिविधिहरू हुन्छन्: बिरालो र मुसा, रुमाल चोर जस्ता खेलहरू, परम्परागत गीत र लयहरू, सामग्रीको संक्षिप्त जानकारी, कथा वाचन, चित्रकला र रंग भर्ने कार्यक्रमहरू। एउटा अनौठो  गतिविधि  "बनाउँ र लैजाऔँ" बालबालिकालाई केही सिर्जना गरेर घर लैजान प्रेरित गर्छ, जसले अमृतालाई आफ्नो घरमै एउटा पढाई कुना सुरु गर्न प्रेरित गर्‍यो, जहाँ उनी गर्वका साथ आफ्ना चित्रहरू र लेखाइहरू प्रदर्शन गर्छिन्।

शिविरले सिकाएको अर्को नियमित बानी भनेको डायरी लेख्ने हो। बालबालिकाले आफ्नो दिनचर्या र उनीहरूले मन पराएका कुराहरू लेख्छन्, जसले उनीहरूको लेखन र आत्मचिन्तन क्षमता बढाउँछ।

अमृतालाई नेपाली साहित्य निकै मनपर्छ, विशेष गरी पढ्न रमाइलो र बुझ्न सजिलो हुने कथा र कविताहरू। "मलाई कविताहरू मनपर्छ किनभने तिनीहरू गीतजस्तै सुनिन्छन्,"  उनी मुस्कुराउँदै भन्छिन्। पढ्नको साथै उनलाई चित्र बनाउने र रंग भर्ने पनि मनपर्छ  यी दुबै कुराहरू उनले पढाई शिविरमा सिकेकी हुन्। "जब म कथा पढ्छु, म त्यसलाई मेरो दिमागमा कल्पना गर्छु अनि चित्र बनाउँछु," उनी गर्वका साथ भन्छिन्।

पढाई शिविरमा सहभागी भएपछि अमृता धेरै आत्मविश्वासी भएकी छिन्। उनी अब अरूको अगाडि बोल्न डराउँदिनन्, र भर्खरै मात्रै उनले विद्यालयमा चित्रकला प्रतियोगितामा पहिलो पुरस्कार जितिन्  जुन कुरा उनले  शिविरको कला सत्रहरूमा सिकेकी हुन् भनेर उनी गर्वका साथ भन्छिन्।

उनका आमाबाबु उनी कति टाढा आइपुगेकी छिन् भन्ने कुरामा गर्व गर्छन्। यद्यपि उनी अब शिविरमा छैनन्, उनले सिकेका पाठहरू र उनले बनाएका बानीहरूले एक सिकारु, एक सपना देख्ने, र आफ्नै आवाज भएको आत्मविश्वासी युवतीको रूपमा उनको यात्रालाई आकार दिइरहेका छन्।

अमृता सानी होलिन्, तर उनको सपना साना छैनन्। कथाहरूले भरिएको मुटु र अब स्वतन्त्र रूपमा गाउने आवाजसहित, उनी संसार जित्न तयार छिन् एक गीत, एक कविता, र एक मुस्कानका साथ।



बालबालिका शिविरमा रमाइलो गरि नाच्दै।

# बालबालिकाको पक्षमा अडिने — गोदावरीको कथा

## बालअधिकार समिति सदस्य




गोदावरीले समुदाय सचेतना सत्रको दौरानमा बालबालिकाहरूसँग उनीहरूको अधिकारबारे कुराकानी गर्दै।

गोदावरी, बझाङको केदारस्युकी २८ वर्षीया महिला हुन्, जसलाई समुदायका बालबालिकाले एक आदर्शको रूपमा हेर्छन् — उनी न त कडा स्वरकी हुन्, न त डर लाग्दो व्यक्तित्वकी। उनी सुन्छिन्, बुझ्छिन् र आवश्यक परेको खण्डमा काम गर्छिन्।

२८ वर्षको उमेरमा गोदावरी केवल वडा सदस्य मात्र होइनन् — उनी बालबालिकाको अधिकारको संरक्षक, स्रोता र एक मौन योद्धा पनि हुन्।पछिल्ला दुई वर्षदेखि, उनले बालअधिकार समिति (सीआरसी) की सक्रिय सदस्यको रूपमा सेवा गरिरहेकी छिन्, सुनिश्चित गर्दै कि कुनै पनि बालबालिका नसुनिएको वा नदेखिएको नहोस्।

हरेक वडा बैठकमा, गोदावरी बाल अधिकारको बारेमा बोल्न निश्चित छिन्। बालविवाह होस्, छाउपडी होस्, घरेलु हिंसा होस्, वा जातीय भेदभाव होस्, उनी विश्वास गर्छिन् कि यी लुकाउने कुरा होइनन्, यो खुलेर कुरा गर्नुपर्ने समस्या हो। "यदि हामी बोलेनौं भने, केहि पनि परिवर्तन हुनेछैन," उनी प्रायः भन्छिन्।

गोदावरीले बैठकमा आवाज उठाउने मात्र होइन, वास्तविकतामा पनि काम गर्छिन्। उनी नियमित रूपमा विद्यालयहरू भ्रमण गर्छिन्, शिक्षकहरूसँग कुराकानी गर्छिन् र बालबालिकाको कल्याणसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्छिन्। बालबालिका वा परिवारहरू संकटमा पर्दा उनी आपतकालीन सहयोग गतिविधिहरूमा पनि भाग लिन्छिन्।



गोदावरीले किशोरीहरूलाई बालविवाहका जोखिमहरूबारे सचेतना जगाउँदै।

**यो जिम्मेवारी प्रति विश्वास गरेकोमा म वर्ल्ड भिजनलाई धन्यवाद दिन्छु। यसले मलाई आफ्नै समुदायका बालबालिकाको सेवा गर्ने र उनीहरूको आवाज बन्ने मौका दियो।**

उनले गरेको सबैभन्दा रोमाञ्चक काम भनेको गाउँमा आत्मरक्षा तालिम आयोजना गर्नु हो। समितिसँगको समन्वयमा, उनले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूलाई चार चरणको तालिम सञ्चालन गर्न मद्दत गरिन्, जसमा १२० भन्दा बढी विद्यार्थीहरू सहभागी थिए। यस तीन दिने तालिम मार्फत, बालबालिकाहरूले आफ्नो सुरक्षा कसरी गर्ने, आत्मविश्वास कसरी निर्माण गर्ने र आफ्नो वरपरको वातावरण कसरी राम्रोसँग बुझ्ने भनेर सिके।


"तालिम अगाडि धेरै विद्यार्थीहरू लजालु थिए र खुला रूपमा कुरा गर्न डराउँथे," प्रशिक्षक मध्यकी कल्पना भन्छिन्, "तर तालिमपछि उनीहरूले आफ्नो अधिकार बुझ्न थाले र खुलेर कुरा गर्न थाले।"

गोदावरीले धेरै साना तर शक्तिशाली परिवर्तनहरू देखेकी छिन्। अब केटीहरूले असुरक्षित परिस्थितिको रिपोर्ट खुला रूपमा दिन्छन्, बालबालिकाहरूले विद्यालयमा प्रश्न गर्छन् र अभिभावकहरूले पनि सुन्न थालेका छन्।

गोदावरीसँग धेरै जिम्मेवारीहरू भए तापनि, उनले बालबालिकाका मुद्दाहरूको नियमित रूपमा अनुगमन गरिरहेकी छिन् र साप्ताहिक र मासिक सामुदायिक बैठकहरूमा अद्यावधिकहरू साझा गर्छिन्। उनको कामले परिवारहरूलाई बाल सुरक्षा शिक्षक वा प्रहरीको मात्र नभई सबैको काम हो भनेर बुझ्न मद्दत गरेको छ।

उनको सपना साधारण छ, एक यस्तो समुदाय निर्माण गर्नु जहाँ प्रत्येक बालबालिकाले सुरक्षित, मूल्यवान र सुनेको महसुस गरोस्। प्रत्येक बैठकमा भाग लिँदै, तालिम सञ्चालन गर्दै र हरेक बालबालिकालाई सुन्दै उनी आफ्नो लक्ष्यतर्फ अघि बढिरहेकी छिन्।

# क्यामेराका लागि बचत गर्ने पदम



पदम आफ्नो खुत्रुके देखाउंदै।

## खुत्रुके बचत पहल

एक सानो र शान्त गाउँमा, व्यस्त शहरहरूबाट टाढा, पदम  नामका एक बालक बस्छन्। उनको गाउँ आधुनिक विकासबाट अछुतो छ, त्यहाँ बिजुलीको तार छैन, पक्की सडक छैन, र कुनै फेन्सी पसलहरू छैनन्। यहाँको जीवन सरल छ, जहाँ प्रकृति र परम्पराले दैनिक जीवनमा प्रमुख  भूमिका खेल्छ।

हरिनाको १३ वर्षीय कान्छो छोरो पदम कक्षा ५ मा पढ्छ र उसको कक्षाका अन्य धेरैजसो केटाकेटीहरू भन्दा अलि जेठो छ। यद्यपि उसको गाउँले धेरै सुविधा प्रदान गर्दैन, पदमले एउटा बहुमूल्य बानी विकास गरेको छ जसले उसलाई अलग बनाएको छ: बचत गर्ने बानी।

पदमको बचत यात्रा वर्ल्ड भिजन र दलित सहयोग समाज ले उनको समुदायमा पिग्गी बैंक अभियान  सुरु गरेपछि भयो। वर्ल्ड भिजनको दर्ता भएको बालकको रूपमा, उनले आफ्नै पिग्गी बैंक प्राप्त गरे जुन एउटा सानो उपहार थियो जसले ठूलो सपना जगाउने थियो। त्यसैबेलादेखि उनले सकेको जति पैसा बचाउन थाले — चाडपर्वमा पाइने दक्षिणादेखि लिएर खाजा खर्चबाट बचत हुने पैसा पनि।

एक दिन, एक जना पर्यटक क्यामेरा बोकेर उनीहरूको गाउँमा आएपछि उनको प्रेरणा अझ बलियो भयो। पर्यटकले मानिसहरू र दृश्यहरूको तस्बिर खिच्दा पदमले अचम्म मान्दै हेरे। एउटा सानो उपकरणले कसरी एक क्लिकमा गाउँ र यसका मानिसको सुन्दरता कैद गर्न सक्छ भन्ने कुरामा उनी मोहित भए। "एक दिन, मेरो आफ्नै क्यामेरा हुनेछ," उनले चुपचाप आफैंलाई भने। "र म मेरो गाउँको पनि सुन्दर तस्वीर खिच्नेछु।"



पदम आफ्नी बहिनीका साथ घरमा बसेर खुत्रुके भित्र जगेडा गरेको पैसा गन्दै।



पदम घरमा ध्यानपूर्वक आफ्नो खुत्रुकेमा पैसा राख्दै।

यही सपना मनमा बोकेर पदम अझ बढी ध्यानपूर्वक बचत गर्न थाले। हरेक दिन उनले साना रकम — १०, २०, ५०, कहिलेकाहीं त १०० रुपैयाँसम्म , बचत गर्न थाले। उनले चाडपर्वको दक्षिणा र बाँकी रकम विद्यालयको खाजा खर्चबाट बचत गरेर पैसा जम्मा गर्थे। बिस्तारै, एक वर्षको अवधिमा उनको बचत ७,००० रुपैयाँसम्म पुग्यो।

घरमा आमा हरिनाले प्रायः उनलाई पैसा गन्न सहयोग गर्छिन्। कहिलेकाहीं, छोराको लगन देखेर उनले पनि थोरै पैसा थपिदिन्छिन्। उनी गर्वसाथ मुस्कुराउँछिन् र सधैं पदमलाई आफ्नो सपना भुल्न नदिन प्रेरित गर्छिन्।

पदमको कथाले देखाउँछ साना प्रयासले पनि ठूलो लक्ष्य पुरा गर्न सकिन्छ। परिवारको माया र पिग्गी बैंकको साथले उनी सिक्दैछन् कि सानो बचतले धेरै टाढासम्म लैजान सक्छ र सानो पिग्गी बैंकमा पैसा मात्र होइन, आशा पनि सुरक्षित रहन्छ।

# सुरक्षाको निर्माण, परिवर्तनको सिर्जना

## पोषण तथा उत्थानशील जीविकोपार्जन परियोजना



कृष्ण बहादुर हातमा औजार लिएर कामतर्फ जाँदै।

बझाङका पहाडी दुर्गम गाउँमा कृष्ण दुई दशकभन्दा बढी समयदेखि घर मात्र होइन, आशालाई  पनि आकार दिँदै आएका छन् । दक्ष मिस्त्रीका रूपमा उनले १६ वर्षको उमेरमै काम गर्न थाले — त्यो समय जब शिक्षाभन्दा पनि बाँच्नुपर्ने संघर्ष प्राथमिकता बन्यो। आर्थिक अभावले उनलाई चाँडै विद्यालय छाड्न बाध्य बनायो, तर आफ्ना सन्तानका लागि राम्रो जीवनको सपना उनले कहिल्यै छोडेनन्।

**"हामीलाई पहिले पेट भर्नु जरुरी लाग्थ्यो। तर मेरो मनमा सधैं आफ्ना बालबालिकाहरू पढून् भन्ने चाहना थियो," उनले भन्छन्।**

कुनै पनि औपचारिक तालिम प्राप्त गर्नुअघि, कृष्णले महिनामा लगभग ३० देखि ४० हजार रुपैयाँ कमाउँथे, जुन परिवारलाई सहयोग गर्न पर्याप्त थियो तर दीर्घकालीन स्थिरता निर्माण गर्न पर्याप्त थिएन। वर्ल्ड भिजनको पोषण तथा उत्थानशील जीविकोपार्जन कार्यक्रमको हिस्सा बनेपछि सबै कुरा परिवर्तन भयो, जस मार्फत उनले ७-दिने मेसिन-आधारित तालिम प्राप्त गरे। उक्त कार्यक्रममा उनले आधुनिक निर्माण सम्बन्धी ज्ञान पाए — काठका बीम र स्थानीय सामग्री प्रयोग गरी भूकम्प-प्रतिरोधी प्रविधिबारे जानकारी समेत समावेश थियो।

यस लगत्तै उनको सिकाइलाइ सहि ठाउँमा सदुपयोग गर्ने मौका आइपुग्यो। २०८० आश्विन १६ गतेमा बझाङमा एकपछि अर्को भूकम्प आयो। यद्यपि ती झट्का ६.३ म्याग्निच्युडभन्दा बलिया थिएनन्, तर तीव्र कम्पनले पुराना माटो र ढुङ्गाका घरहरूमा धेरै क्षति पुर्‍यायो र डर फैलायो। यसको विपरित, भूकम्प-प्रतिरोधी प्रविधि प्रयोग गरिएका घरहरू भने मजबुत देखिए जसले नयाँ निर्माण शैलीको महत्त्व र आवश्यकतालाई झनै स्पष्ट बनायो।

**"भूकम्पपछिको समयमा मानिसहरूले बुझ्न थाले — बलियो घर कति आवश्यक हुन्छ," २०८० आश्विन १६ गते भन्छन्। "अब उनीहरूले नयाँ प्रविधिमा विश्वास गर्न थालेका छन्।"**



कृष्ण पर्खालमा प्लास्टर गर्न मिक्स गरिएको सिमेन्ट लगाउंदै।



कृष्ण निर्माण स्थलमा बालुवा र सिमेन्ट मिसाउँदै ।

तालिम सकिएपछि कृष्णले अहिलेसम्म ३७ वटा घर निर्माण गरिसकेका छन्, जसमध्ये ८ वटा त आफ्नै समुदायमा भूकम्प-प्रतिरोधी घरहरू हुन्। उनको आम्दानी त सुधारिएको छ नै, तर त्योभन्दा ठूलो कुरा  उनले अब आफूले बनाउने घरहरूले परिवारहरूको सुरक्षा दिने काम गरिरहेको महसुस गर्छन्।

स्थिर आम्दानीसँगै कृष्ण अहिले आफ्ना बालबालिकालाई त्यो शिक्षा दिन सकिरहेका छन्, जुन उनले पाएनन्। उनका जेठा छोरा अहिले महेन्द्रनगरमा स्नातक तहमा पढ्दैछन्, जुन परिवारका लागि गर्वको विषय बनेको छ।

उनको सपना हो  आफ्नै गाउँमा निर्माण व्यवसाय सुरु गर्ने, भूकम्प-प्रतिरोधी घरहरू बनाउने, र हरेक घरको सुरक्षासँगै सम्पूर्ण समुदायलाई सुरक्षित बनाउने।

# बझाङमा हुर्किँदै गरेका सपना

## बाल संरक्षण तथा बाल स्पोन्सरशिप

बझाङमा सात वर्षीया प्रमिता लजालु मुस्कान र आशावादी आँखाहरू लिएर विद्यालय जान्छिन्। अहिले उनी कक्षा ४ मा अध्ययनरत छिन्, र यद्यपि उनको यात्रा अझै सुरुको चरणमै छ, उनको कथाले देखाउंछ कि कसरी निरन्तर सहयोग र मायाले कुनै बालबालिकाको जीवनमा ठूलो परिवर्तन ल्याउन सक्छ।

प्रमिता वर्ल्ड भिजनको बाल संरक्षण तथा स्पोन्सरशिप कार्यक्रमअन्तर्गत दर्ता गरिएकी बालिका हुन्। यो कार्यक्रमले बालबालिकाको संरक्षण गर्नुका साथै समुदाय-आधारित विकासमार्फत परिवारहरूलाई सहयोग पुर्‍याउने उद्देश्य राख्छ। प्रमिताका लागि यो कार्यक्रमले केवल सहयोग मात्र होइन, हुर्कनका लागि एउटा अवसर पनि दिएको छ।

उनको परिवार सामान्य पृष्ठभूमिबाट आएको हो, र पाँच सन्तानलाई हुर्काउनुपर्ने जिम्मेवारी भएका उनका बुबाले पोषणयुक्त खाना र विद्यालय खर्च व्यवस्थापन गर्न प्रायः संघर्ष गर्नुपर्थ्यो। तर परिवर्तनको बीउ त्यतिबेला रोपियो, जब उनले पोषण तथा उत्थानशील जीविकोपार्जन परियोजना कार्यक्रमबाट सहयोग प्राप्त गरे। उनको लगनशीलता र सिक्ने इच्छाशक्तिले प्रभावित भएर, उक्त कार्यक्रमले उनलाई एउटा प्रदर्शन खेति फार्म स्थापना गर्न सहयोग गर्‍यो  जहाँ उन्नत खेती प्रविधिहरू सिक्न र अरूसँग बाँड्न सकिन्छ।

नयाँ ज्ञान र प्रदर्शन फार्मबाट प्राप्त स्थिर आम्दानीले गर्दा उनको परिवारको जीवन क्रमशः परिवर्तन हुन थाल्यो। अहिले फार्मबाट तरकारी र मौसमी बाली उत्पादन हुने गरेको छ, जसले परिवारको पेट पनि भर्छ र केहि आम्दानी पनि ल्याउँछ। यसको प्रत्यक्ष असर प्रमिताको शिक्षामा देखिएको छ खाना पोषणयुक्त भएको छ, र आर्थिक चिन्ता कम भएको छ।



**प्रमिताको आमाले उनको कपाल ध्यानपूर्वक बाँध्दै छिन्, विद्यालयको नयाँ दिनका लागि तयार पार्दै।**



प्रमिता आफ्नो आमाको हात समाती विद्यालय तिर जाँदै।



प्रमिताको बुबाले माया गरेर उनलाई पोषणयुक्त खाना खुवाउँदै।

प्रमिता, जो पहिले निकै शान्त र आफूमै सीमित थिइन्, अब धेरै परिवर्तन भइसकेकी छिन्। नियमित भेटघाट र पढाई शिविर सहजकर्ताको उत्साहजनक कुराकानीले गर्दा अब उनी कक्षामा भाग  लिन्छिन्, नयाँ व्यक्तिहरूसँग कुरा गर्न र आत्मविश्वासका साथ आफ्नो विचारहरू व्यक्त गर्न सक्षम भएकी छन्। उनका बाबुको सपना छ — कुनै दिन छोरीलाई शिक्षिका बनेको देख्ने।

**"पहिले त लाग्थ्यो, यी सबै छोराछोरीहरूलाई कसरी हुर्काउँला," उनका बाबु भन्छन्, "तर अहिले यो जमिनले नै मलाई छोराछोरीहरूलाई मजबुत बनाउने हिम्मत दिएको छ।"**

एक स्पोन्सरशिप सम्बन्ध, थोरै जमिन, र केही मायालु संवादजस्ता साना तर अर्थपूर्ण सहयोगहरू मार्फत एउटा परिवारको भविष्य बिस्तारै नयाँ ढंगले निर्माण हुँदैछ।

# सानो होटल, ठूलो परिवर्तन

## पोषण तथा उत्थानशील जीविकोपार्जन परियोजना



जयले आफ्नो ग्राहकलाई तातो, ताजा पकाएको नूडल्स मुस्कानसहित पस्किंदै।

बझाङ नेपालको सुदूर पश्चिममा पर्ने एक विकट जिल्ला हो — जुन प्रदेशको सबैभन्दा ग्रामीण क्षेत्रहरूमध्ये पर्छ। यस्का सांस्कृतिक सम्पदाले हजारौं तीर्थयात्रीहरूलाई चाडपर्वहरूमा तान्ने गर्छ। यही परिवेशमा ४९ वर्षीय जयलाल बझाङको एक सुन्दर पहाडी गाउँमा बसोबास गर्छन्। त्यो क्षेत्र चाडपर्वहरूको लागि प्रख्यात छ र स्थानीय पर्यटकीय स्थलको रूपमा पनि चिनिन्छ। धेरै मानिसहरू त्यहाँ आउँछन्, तर विगतमा त्यहाँ न त कुनै होटल थिए, न त खान पाइने ठाउँ। आगन्तुकहरूले खाना वा बासको खोजीमा नजिकका गाउँसम्म हिँड्नुपर्ने हुन्थ्यो, जुन निकै कठिन र असहज हुन्थ्यो।

तीन सन्तानका बुबा,  जयलालले पनि धेरै नेपालीको जस्तै परदेश जाने बाटो रोजे। उनले भारतमा वर्षौं काम गरे र त्यहाँ विभिन्न परिकारहरू पकाउने सीपहरू सिके। जब उनी पुनः बझाङ फर्किए, उनले देखे कि आफ्नै थोरै जमिनमा गरिने खेतीले परिवार पाल्न र सन्तानहरूको पढाइ खर्च गर्न मुस्किल पर्न थाल्यो।

जयलालका तीन सन्तान अहिले पढिरहेका छन्। उनले यस्तो केही गर्न चाहन्थे जसले थप आम्दानी ल्याओस्। उनको इच्छाशक्ति र अवस्था देखेर दलित सहयोग समाज फिल्डमा काम गर्ने कर्मचारीले उनलाई एउटा सानो होटल खोल्न सुझाव दिए। साथसाथै, वर्ल्ड भिजन इन्टरनेशनल नेपालद्वारा पोषण तथा उत्थान्शील जीविकोपार्जन परियोजना कार्यक्रम मार्फत उनलाई सहयोग पनि गरियो।



जय धाराबाट होटलको भान्सामा पानीको एउटा बाल्टिन बोक्दैछ।

उक्त परियोजनाबाट उनले अस्थायी भान्सा र भोजनालय बनाउनका लागि जस्ता पाता (metal sheet) पाएका थिए। साथै, पकाउने उपकरण र भाँडाकुँडा पनि पाएका थिए। यस सहयोगपछि, जयलालले आफ्नो होटल खोले। अहिले उनी आफैं खाना पकाउँछन् र ग्राहकहरूलाई चाउचाउ, चाउमिन, अन्डा, चिया, र अन्य खाना सेवा गर्छन्।

उनको होटल राम्रो चलिरहेको छ। सामान्य दिनहरूमा उनी दैनिक लगभग १,००० रुपैयाँ कमाउँछन्। चाडपर्वका बेला भने उनको मासिक आम्दानी ७०,००० देखि १,००,००० रुपैयाँसम्म पुग्छ। यही आम्दानीबाट जयलालले एउटा सानो लज निर्माण गरेका छन्, जहाँ अब पर्यटकहरूले बास बस्न सक्ने व्यवस्था छ।

यो व्यवसायको कारण, अब जयलालले आफ्नो परिवारलाई पहिलेभन्दा राम्रोसँग पाल्न सकिरहेका छन्। उनका जेठा छोराले अहिले स्नातक तहको अध्ययन गरिरहेका छन् जुन कहिल्यै सम्भव नलाग्ने सपना जस्तै देखिन्थ्यो।

**"पहिले आराम गर्न वा खान पाइने कुनै ठाउँ थिएन," एक आगन्तुक भन्छन्। "अहिले हामी चाडपर्वमा नडराई रमाइलो गर्न सक्छौं।"**

जयलाल आफ्नो प्रगति देखेर गर्व गर्छन्। "यो होटलले मेरो जीवन नै परिवर्तन गर्‍यो," उनी मुस्कुराउँदै भन्छन्।

यो कथा देखाउँछ यदि सही सहयोग र सीप प्राप्त भयो भने, बझाङका पहाडमा पनि जीवन परिवर्तन हुन सक्छ।

# छपाइ सामग्रीले भरिपूर्ण कक्षाकोठाको प्रभाव

## समावेशी र गुणस्तरीय शिक्षा परियोजना



हिमाल कक्षामा सक्रिय रूपमा भाग लिन्छन्, सिक्न र आफ्ना विचारहरू साझा गर्न उत्साहित छन्।

छापामय कक्षाकोठा  केवल एउटा कोठा मात्र होइन यो एउटा सिकाइ वातावरण हो जहाँ शब्दहरू जतातत‌ै हुन्छन्। पोस्टर र चार्टदेखि लेबल गरिएका कक्षाकोठाका वस्तुहरू र मिनी-पुस्तकालयहरू सम्म, बच्चाहरू, पढ्न र अन्वेषण गर्न सक्ने पाठले घेरिएका हुन्छन्। यस प्रकारको वातावरणले विद्यार्थीहरूलाई अक्षरहरू चिन्न, शब्दावली निर्माण गर्न र पढाइ लेखन कसरी दैनिक जीवनसँग जोडिएको छ भन्ने कुरा बुझ्नमा मद्दत गर्छ।

बझाङको माउ भेरी आधारभूत विद्यालयमा अध्ययनरत सात वर्षीय हिमाल, कक्षा ३ का विद्यार्थी हुन्। एक समय थियो, जब उनले पढाइमा धेरै संघर्ष गरिरहेका थिए। उनी एकदिन प्रहरी बन्ने सपना देख्छन्, तर लेख्न–पढ्न निकै गाह्रो लाग्थ्यो। अक्षरहरू गडबड लाग्थे, र शब्दहरू बनाउन पनि सजिलो थिएन। २८ जना विद्यार्थी भएको कक्षामा उनी प्रायः पछि परेका महसुस गर्थे।

हिमाल वर्ल्ड भिजन इन्टरनेशनल नेपालको समावेशी र गुणस्तरीय शिक्षा परियोजना (IQE) अन्तर्गत दर्ता गरिएका बालबालिकामध्ये एक हुन्। यो कार्यक्रमले विशेषगरी सीमान्तकृत समुदायका बालबालिकाहरू जस्तै अपाङ्गता भएका वा जातीय तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरू  का लागि शिक्षा पहुँच, सहभागिता, र सक्रियता बढाउने उद्देश्य राखेको छ।




**विद्यार्थी प्रिन्ट-रिच कक्षामा मन लगाएर पुस्तक पढिरहेका छन्।**

"अब मलाई पढ्न मनपर्छ," हिमाल बिस्तारै भन्छन्। "म एकदिन प्रहरीको पोशाक लगाएर मानिसहरूलाई मद्दत गर्न चाहन्छु।"

समावेशी र गुणस्तरीय शिक्षा परियोजना कार्यक्रमअन्तर्गत प्राप्त सहयोगले हिमालको कक्षालाई छापामय र आकर्षक कक्षाकोठामा परिणत गर्‍यो। यहाँ शब्द-पर्खाल, रंगीन चार्टहरू, पुस्तकहरू, र चित्र-पहिचान कार्डजस्ता शिक्षण सामग्रीहरूले सज्जित गरियो। यस्ता उपयोगी उपकरणहरूले विद्यार्थीहरूलाई पढाइसँग जोडिन र सिक्न अझ सजिलो र रमाइलो बनायो।

विद्यालयका प्रधानाध्यापक प्रेमले कक्षामा विद्यार्थीहरूको व्यवहारमा देखिएको परिवर्तन उल्लेख गर्दै भन्छन्, "अब तिनीहरू बढी केन्द्रित र जिज्ञासु भएका छन्। उनीहरू वरिपरिको शब्द प्रयोग गरेर देखिन्छ।"

हिमाल कक्षाकोठामा पहिलेभन्दा सक्रिय रुपमा सहभागी हुन थाले। उनी नयाँ शब्दहरूमा औँलो राख्थे, नामहरू चित्रहरूसँग मिलाउँथे, र शिक्षकहरूको सहयोगमा कथाहरू पढ्थे। बिस्तारै, पढाइ कामजस्तो नभएर खोजजस्तो लाग्न थाल्यो।

समयसँगै, हिमालको आत्मविश्वास फराकिलो हुँदै गयो। उनका शिक्षकहरूले भन्नुभयो, "अहिले उनी कक्षामा पहिलेभन्दा धेरै सक्रिय भई पढाइमा रमाउन थालेका छन्।" मध्य-अवधिको मूल्यांकनमा हिमालले आफ्नो कक्षामा तेस्रो स्थान प्राप्त गरे, एक असाधारण उपलब्धि ती विद्यार्थीका लागि, जसका लागि अक्षरहरू बुझ्नु पहिले निकै चुनौतीपूर्ण थियो। यो सफलताले हिमाललाई मात्र होइन, सबैलाई आशा र प्रेरणा दिएको छ।

# स्याने सिलाई काटाइ : उज्यालो भोलिको सिलाइ

## पोषण तथा उत्थानशील जीविकोपार्जन परियोजना



स्याने एक बालिकाको स्कुल पोशाक राम्रोसँग मिलाउने उद्देश्यले ध्यानपूर्वक मापन लिँदै

बझाङका दुर्गम पहाडहरूमा जीवन सधैं सजिलो हुँदैन। धेरै परिवारहरू दैनिक ज्यालादारी वा सानो स्तरको खेतीमा निर्भर छन्। सीमित शिक्षा वा पुस्तौँदेखि चल्दै आएको पेसामा आधारित सीप भएका व्यक्तिहरूका लागि नियमित आम्दानी वा औपचारिक रोजगारी अझै टाढाको कुरा बनेको छ।

४८ वर्षीय स्याने एक सीपयुक्त दर्जी हुन्, जसले सानो उमेरमै कपडा सिलाउने सीप सिकेका थिए। वर्षौंदेखि उनले आफ्नो सिलाइ मेसिन बोकेर घर–घरमा गएर चामल, दालजस्ता अन्न सट्टामा लुगा सिलाउँदै आइरहेका थिए। उनले विद्यालय जाने मौका कहिल्यै पाएनन् र रकम गन्न समेत जान्दैनथे। नौ सदस्यको ठूलो परिवार पाल्नु सधैं चुनौतीपूर्ण हुन्थ्यो।

तर, वर्ल्ड भिजन इन्टरनेशनल नेपालद्वारा सञ्चालित पोषण तथा उत्थानशील जीविकोपार्जन परियोजना कार्यक्रमको सहयोगपछि, स्यानेले सडकछेउमा सानो सिलाइ पसल स्थापना गर्न सके। नयाँ स्थानले उनलाई उनको चिनारीमा अवसर दियो र ग्राहकहरू पनि बढ्न थाले विशेष गरी चाडपर्व, विद्यालय भर्ना, र विवाहको मौसममा।

आज स्याने "स्याने सिलाइ कटाइ" नामक आफ्नो सिलाइ व्यवसाय गर्वका साथ सञ्चालन गरिरहेका छन्। उनी दैनिक दुईदेखि तीन सेट कपडा सिल्छन् र करिब २,००० रुपैयाँ आम्दानी गर्छन्। स्थिर आम्दानीको कारण, उनले परिवारको ऋण तिरिसकेका छन् र कान्छो छोरालाई अंग्रेजी माध्यमको विद्यालयमा पढाउन थालेका छन्। त्यो सपना उनले पहिले कहिल्यै पूरा हुन्छ भन्ने सोचेका थिएनन्।


स्याने गर्वका साथ आफ्नो सिलाई पसलको अगाडि उभिएका छन्



स्याने ध्यानपूर्वक र सीपपूर्वक लुगा सिलिरहेका छन्

**"पहिले बिहानदेखि रातिसम्म कपडा सिल्थें, तर पनि बच्चाहरूलाई के खुवाउने भन्ने चिन्ता हुन्थ्यो," उनी सम्झन्छन्। "अब त मेरो आफ्नै पसल छ। म अब योजना बनाउन सक्छु र आफ्ना बच्चाहरूलाई राम्रो अवसर दिन सक्छु।"**

पोषण तथा उत्थानशील जीविकोपार्जन परियोजनाले  तालिम, सामग्री सहयोग, र सेवा पहुँच विस्तारमार्फत बच्चाहरूको पोषण सुधार गर्ने र परिवारहरूको जीविकोपार्जनलाई थप दिगो बनाउने उद्देश्य राखेको छ। स्यानेको कथा देखाउँछ सादा सीपलाई सही सहयोगले जोड्दा, इज्जतदार र आशालाग्दो जीवन निर्माण गर्न सकिन्छ।

# बाख्रापालनले ल्याएको परिवर्तन

## पोषण तथा उत्थानशील जीविकोपार्जन परियोजना

प्रत्येक बिहान, जब बझाङका पहाडमाथि घाम उदाउँछ, ३७ वर्षीय राम आफ्नो बाख्राको खोरको ढोका खोल्छन् र बाख्राहरूलाई नजिकको जङ्गलमा चराउन लैजान्छन्। यो दैनिकी उनको लागि केवल काम होइन यो नै उनको परिवारको नयाँ आशाको केन्द्र हो।

रामका चार जना सन्तान छन् दुई छोरी र दुई छोरा। उनले वर्षौं खेतबारीमा मेहनत गरे र जीविकोपार्जनका लागि केही वर्ष भारतसमेत गएका थिए। उनी आफ्ना छोराछोरीलाई राम्रो शिक्षा दिन चाहन्थे, तर आर्थिक अवस्था सधैं कमजोर हुन्थ्यो। उनका दुई छोराछोरी वर्ल्ड भिजनमा दर्ता भएका छन्, जसले गर्दा उनीहरू विद्यालय जान पाएका हुन्। तर, रामको चाहना थियो—एक स्थिर आम्दानीको स्रोत, जसले गर्दा उनी आफ्नै गाउँमा बसेर परिवार पाल्न सकून्।

त्यो सपना बिस्तारै साकार हुँदै गयो, जब उनले वर्ल्ड भिजन इन्टरनेशनल नेपालद्वारा सञ्चालित पोषण तथा उत्थानशील जीविकोपार्जन परियोजना कार्यक्रममा सहभागी भए। यो कार्यक्रमले परिवारहरूलाई पोषण सुधार्ने, क्षमता अभिवृद्धि गर्ने, तथा समुदायलाई थप सक्षम बनाउने उद्देश्यले पशुपालन, सीप विकास, र तालिमहरू प्रदान गर्छ।

**"अब म कामको खोजीमा टाढा जानु पर्दैन," राम गर्वका साथ भन्छन्। "मैले अब आफ्नै गाउँमै बसेर परिवारको पालनपोषण गर्न सक्ने भएको छु।"**



राम आफ्ना बाख्राहरूलाई चराउन जंगलतर्फ जाँदै छन्।

सुरुवातमा, रामले दुई वटा बाख्रा पाएका थिए। जब बाख्राहरू बढ्दै गए, कार्यक्रमले उनलाई पाता जस्ताले बनेको बलियो बाख्राको खोर बनाउन सहयोग गर्‍यो। आज उनी एउटा बाख्रा लगभग ८,००० रुपैयाँमा बेच्न सक्षम छन् र अहिलेसम्म करिब १०० वटा बाख्रा बेचिसकेका छन्।

समुदायलाई पनि यस कार्यक्रमले फाइदा पुर्‍याएको छ बाख्रालाई जुकाहरू बाट बचाउने डिपिङ ट्याङ्की बनाइएको छ, जसले पशुहरूलाई स्वस्थ र बलियो राख्न मद्दत गरेको छ।

बाख्रापालन व्यवसाय बढेसँगै, रामको आम्दानी अब स्थिर भएको छ। यसले गर्दा अब उनले आफ्ना बच्चाहरूलाई राम्रो खाना, शिक्षा, र हेरचाह दिन सक्ने भएका छन् त्यो पनि गाउँ छोड्न नपरेर।

रामको कथा हामीलाई सिकाउँछ जब सही सहयोग र सीप हातेमालो गर्छन्, तब एउटा सानो बाख्राले पनि जीवनमा ठूलो सकारात्मक परिवर्तन ल्याउन सक्छ।



राम आफ्ना बाख्रालाई खुवाउनको लागि ताजा हरियो घाँसको बोकेर लैजाँदै छन्।

# किथि: कला र मेहनतबाट बनेको उज्जवल भविष्य

## पोषण तथा उत्थानशील जीविकोपार्जन परियोजना



किथि कुशलतापूर्वक बुनेको मेसिनको प्रयोग गरेर स्वेटर बनाउँदैछिन्।

समुद्र सतहबाट २८०० मिटरको उचाइमा रहेको बझाङको चिसो पहाडमा बिहान उठ्नु नै ४२ वर्षीया किथिका लागि संघर्ष हुन्छ। उनी आफ्नो दुई विद्यालय जाने उमेरका छोराछोरी र वृद्ध आमासँग सानो घरमा बस्छिन्। न्यानो रहनका लागि धेरै तहका कपडा ओढ्नुपर्ने यथार्थले दिन सुरु हुन्छ।

उनकी छोरी वर्ल्ड भिजनसँग दर्ता भएका बालबालिकामध्ये एक भएकाले विद्यालय खर्चको चिन्ता छैन। तर, परिवारलाई पोषणयुक्त खाना खुवाउने र जाडो महिनामा न्यानो राख्ने चुनौती भने बाँकी नै थियो। गत सालको शरद ऋतुमा, उनको जीवनमा परिवर्तन आउन थाल्यो। वर्ल्ड भिजनद्वारा सञ्चालित पोषण तथा उत्थानशील जीविकोपार्जन परियोजना  अन्तर्गत उनले एक बुनाइ मेसिन, गुणस्तरीय ऊन, र केही आधारभूत सामग्री प्राप्त गरिन्। सुरुमा उनी डराएकी थिइन्।

"मेसिन चलाउने त अनुभव नै थिएन," उनी सम्झन्छिन्। "पहिलो स्वेटरको सिलाइ असमान थियो, ज्याकेटको बाहुला मिलेन।" तर, स्थानीय प्रशिक्षकबाट सिधै मार्गदर्शन पाएपछि उनले दिनहुँ अभ्यास गर्न थालिन्स्वेटर र ज्याकेटहरू क्रमशः सफा, बलियो, र न्यानो बन्न थाले। आज, किथिको सानो आँगनमा रहेको कार्यशाला सक्रिय उत्पादन केन्द्र बनेको छ। उनी १ किलो ऊनमा ३ वटा स्वेटर बुनछिन्, र आधा किलोमा १ ज्याकेट। प्रति थान १,२०० रुपैयाँ लिन्छिन्। गाउँलेहरू उनको कामको प्रशंसा गर्छन्।



किथि आफ्नो स्वेटरको गुणस्तर गर्वका साथ ग्राहकलाई देखाउँदै छिन्।



किथि आफ्नो कार्यस्थलमा ध्यानपूर्वक र व्यस्त भएर काम गर्दैछिन्।

"यी स्वेटरहरूले शहरमा किनिएका भन्दा धेरै न्यानो दिन्छन्," एक ग्राहकले भनेका छन्। पुस माघको चरम जाडो महिनामा उनले ५०–६० स्वेटर बेच्छिन्, जसबाट ६०,०००–७२,००० रुपैयाँ कमाउँछिन्ज सबै परिवारको लागि चामल, न्यानो सिरक, र वसन्त खेतीको लागि बचत गर्न पुग्छ।तर, किथिका लागि सबैभन्दा ठूलो सफलता भनेको आफ्ना छोराछोरीको प्रगति हेर्नु हो। "गत जाडोमा मेरो छोरा कक्षामा काँपेर बस्थ्यो," उनी भन्छिन्। "अब त न्यानो लुगा लगाएर तयार भएर जान्छ।"

अहिले उनी आफ्ना दुई छिमेकी महिलालाई पनि प्रशिक्षण दिइरहेकी छिन्, जसले मौसमी खेती गुमाएका थिए, र अब आफ्नै बुनाइ व्यवसाय सुरु गर्न चाहन्छन्।

किथिको कथा केवल स्वेटर र ज्याकेटको कथा होइन। यो कथा हो एक आमाले एक मेसिन र थोरै ऊन प्रयोग गरेर स्थिर आम्दानी, उज्याला कक्षा, र न्यानो घर बनाएकी एक प्रेरक संघर्षको। जहाँ चिसो सधैं स्थायी हुन्छ र अवसरहरू दुर्लभ ह उनको हातहरूले न्यानो मात्र होइन, आशाको धागो बुन्दैछन्।

# एक आमा–छोरीको सहनशीलताको यात्रा

## बाल संरक्षण तथा बाल प्रायोजन



सरस्वती र उनकी आमा सँगै उभिएका छन्।

सर्स्वती बझाङको एक ग्रामीण बस्तीमा बस्ने १३ वर्षीया किशोरी हुन्। उनी आफ्ना आमा-बुबा र दुई भाइसँग बस्छिन्। जन्मजात अपाङ्गता भएकी सर्स्वतीले हुर्कँदै जाँदा धेरै चुनौतीहरूको सामना गर्नुपर्‍यो, विशेष गरी सीमित आम्दानी र परम्परागत खेती प्रणालीमा निर्भर परिवारमा।

उनका आमाबुबा थोरै जमिनमा कठोर मेहनत गरेर खेती गर्थे र केही गाइगोरु पाल्थे। तर, त्यो आम्दानीले परिवार चलाउन पर्याप्त थिएन। आर्थिक अभावका कारण सर्स्वतीले पोषणयुक्त खाना र स्थायी सिकाइको वातावरणबाट बञ्चित हुनुपर्‍यो।

तर सबै कुरा तब बदलिन थाल्यो, जब सर्स्वतीकी आमा वर्ल्ड भिजन इन्टरनेशनल नेपाल र दलित हेल्प सोसाइटीद्वारा सञ्चालित जलवायुमैत्री किसान फिल्ड स्कुल (CFS) मा सहभागी भइन। तालिममार्फत उनले सुरुङ खेती, मल्चिङ, ड्रिप सिँचाइ, र 'झोलमल' जस्ता जैविक मल बनाउनेजस्ता आधुनिक तथा दिगो कृषि प्रविधिहरू सिकिन्।

परिवारको जीवनमा सुधार ल्याउने दृढ इच्छासाथ, सर्स्वतीकी आमाले ती नयाँ विधिहरू आफ्नो खेतमा प्रयोग गर्न थालिन्। प्लास्टिक सुरुङको प्रयोगले उनीहरू बर्खेभन्दा बाहिरको मौसममा पनि तरकारी उत्पादन गर्न सक्षम भए। आय बढ्यो, र त्यससँगै आशा पनि।



सरस्वती र उनकी आमा टनेलभित्र सँगै काम गर्दै, आफ्नो बाली सुम्पाइरहेका छन्।

आमाबाट प्राप्त ज्ञानको कारण, अहिले सर्स्वती नियमित रूपमा विद्यालय जान्छिन्। उनी घरमै पोषणयुक्त खाना खान पाउँछिन्, र अब परिवारलाई दैनिक आर्थिक तनावको सामना गर्नुपर्दैन। यद्यपि उनी अपाङ्गता भएको अवस्थासँग बाँचिरहेकी छिन्, तर परिवारको माया, समर्थन, र आमाले हासिल गरेको ज्ञानले उनलाई अघि बढ्न प्रेरणा दिइरहेको छ।

यो कथा त्यस्ता धेरै कथाहरू मध्ये एक हो, जसले देखाउँछ जब आमाबुबालाई ज्ञानले सशक्त बनाइन्छ, तब उनीहरूले आफ्ना छोराछोरीको जीवन नै परिवर्तन गर्न सक्छन्। CFS कार्यक्रम मार्फत अहिले सम्म २०० भन्दा बढी किसानहरू सर्स्वतीकी आमाजस्तै प्रशिक्षित भइसकेका छन्, जसले आफ्ना बालबालिकाका लागि बलियो र स्वस्थ भविष्य निर्माण गरिरहेका छ।

# पठन शिविरदेखि सरकारी शिक्षिकासम्मको यात्रा

## पढाई शिविर सहजकर्ताको यात्रा



पुष्पा पढाइ शिविरमा बालबालिकालाई रमाइलो कथा सुनाउँदै।

पुष्पा, बझाङकी २७ वर्षीया महिला, कहिल्यै ठूला सपना देख्ने आँट गर्दिनथिन्। किनभने उनलाई लाग्थ्यो यस्ता सपना उनीजस्ता छोरीहरूका लागि होइनन्। कम उमेरमै विवाह भएको थियो, र गरिब परिवारबाट आएकी उनी दुई सन्तानकी आमा बनिसकेकी थिइन् जब उनी अझै बीसको दशकको सुरुवातमै थिइन्। जीवन सहज थिएन, र उनको एकमात्र चाहना थियो सन्तानको पढाइका लागि आर्थिक रूपमा सक्षम बन्नु।

२०२० मा, उनी आफ्नो समुदायको एक पढाइँ सिबिरमा एक सहजकर्ताको रूपमा सहभागी भइन्, जुन प्रगतिशील युवा समाज (PYS) ले वर्ल्ड भिजन इन्टरनेसनल नेपालको सहकार्यमा समावेशी तथा गुणस्तरीय शिक्षा कार्यक्रम अन्तर्गत सञ्चालन गरिरहेको थियो। सुरुमा त यो उनको लागि थोरै आम्दानी कमाउने माध्यम मात्रै थियो, तर बिस्तारै बालबालिकासँग काम गर्दा उनको मनले साँचो खुसी पाउन थाल्यो।

हरेक बिदाको दिन, पुष्पा चाँडै उठ्छिन् र पढाई शिविरको तयारीमा जुट्छिन्। उनले कथाका किताबहरू झुण्ड्याउँछिन्, ताकि बालबालिकाले सजिलै समाउन सकून्, पर्खालहरूमा शैक्षिक पोस्टर टाँस्छिन्, र ८ बजे सुरु हुने कक्षा अगाडि सबै तयारी पूरा गर्छिन्। उनको समर्पण हरेक दिन झल्किन्छ, र हरेक वर्ष उनका पढाई शिविरबाट कम्तीमा २५ जना बालबालिकाहरू पढ्न सक्ने र सिक्न मन पराउने बन्ने गर्छन्।



पढाई शिविरमा एक विद्यार्थी आफ्नो परिचय दिँदै।

बालबालिकासँग समय बिताउँदै जाँदा, पुष्पाले आफूभित्र शिक्षणप्रतिको गहिरो रुचि फेला पारिन्। उनले बालबालिकालाई कसरी आकर्षक तरिकाले पढाउने, कसरी सिकाइ रमाइलो बनाउने, र कसरी स-साना मनहरूमा जिज्ञासा जगाउने भन्ने कुरा सिकिन्। यी अनुभवहरू उनको लागि केवल दैनिक कार्य मात्रै थिएनन्यिनै उनका प्रशिक्षण बने।

२०२५ मा, पुष्पाको सपना नयाँ रूप लिन लागेको छ। उनले शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गरेकी छन्, र चाँडै एक सरकारी विद्यालयमा शिक्षिका बन्न लागेकी छन्। उनी भन्छिन्,"म त हरेक दिन बालबालिकालाई पढाइरहेकी थिएँ। त्यही अनुभवले मलाई आत्मविश्वास र आवश्यक सीपहरू दियो।"

पुष्पाको कथा हामीलाई सम्झाउँछ एक महिलालाई अवसर दिँदा त्यसले पुरै पुस्तामा प्रभाव पार्न सक्छ। एक सानो भूमिकाबाट सुरु भएको उनको यात्रा आज जीवन परिवर्तनको कथा बनेको छ र यो परिवर्तन अझ धेरै बालबालिकाको जीवनमा निरन्तर फैलिँदै जानेछ।

# मौभेरी आधारभूत विद्यालय: समावेशी सिकाइको नमुना

## समावेशी र गुणस्तरीय शिक्षा परियोजना



पुरानो संरचनाको विद्यालय भवन

शान्तिपूर्ण लोटु गाउँमा अवस्थित मौभेरी आधारभूत विद्यालय वि.सं. २०५६ देखि स्थानीय बालबालिकाको सपना पूरा गर्ने केन्द्रको रूपमा रहँदै आएको छ। तर लामो समयसम्म यो विद्यालयले धेरै चुनौतीहरूको सामना गर्नुपरेको थियो सीमित कक्षाहरू, साना बालकहरूका लागि संयुक्त कक्षा, र पर्याप्त पूर्वाधारको अभाव। दशकौँ अघि निर्माण गरिएको पुरानो भवनले बढ्दो विद्यार्थी सङ्ख्यालाई धान्न सक्दैनथ्यो। तर, समुदायको शिक्षामा विश्वास भने कहिल्यै कमजोर भएन।

हाल विद्यालयमा कूल १८५ विद्यार्थी अध्ययनरत छन्, जसमा पछिल्ला केही वर्षमा मात्र २५ जना नयाँ विद्यार्थी थपिएका छन्। यसरी विद्यार्थी सङ्ख्या बढेसँगै, राम्रो सिकाइ वातावरणको आवश्यकता झनै चर्को रूपमा महसुस हुन थाल्यो। समावेशी तथा गुणस्तरीय शिक्षा (IQE) कार्यक्रम को सहयोगमा, अब विद्यालयमा भूकम्पप्रतिरोधी र अपांगमैत्री नयाँ भवन निर्माण गरिएको छ। तर यो भवन केवल नयाँ होइन परिवर्तनकारी पनि हो।

प्रत्येक कक्षाकोठा छापामय  बनाइएको छ, जहाँ बालमैत्री भिजुअल सामग्रीहरू राखिएका छन्, जसले बालबालिकाको कल्पनाशक्ति बढाउँछ र सिकाइ सहज बनाउँछ। यो परिवर्तन यति प्रभावशाली बन्यो कि समुदायले यसबारे गर्वका साथ चर्चा गर्न थाल्यो र विद्यालयलाई "नमुना विद्यालय" भनेर चिनाउन थाल्यो। अभिभावक, शिक्षक र स्थानीय अगुवाहरू सबैले यो परिवर्तनलाई स्वागत गरे भन्न थालिए, "अहिले हाम्रा छोराछोरीले साँच्चिकै गुणस्तरीय शिक्षा पाएका छन्।"



पुरानो संरचनाको विद्यालय भवन



नयाँ: आधुनिक स्कूल भवन संरचना

भवनसँगै, विद्यालयमा सुरक्षित र समावेशी WASH (पानी, सरसफाइ र स्वच्छता) सुविधाहरू पनि सुरु गरिएको छ, जसले गर्दा विशेष गरी अपांगता भएका बालबालिकाहरू सहज र सम्मानपूर्वक विद्यालय आउन पाउने वातावरण सिर्जना भएको छ।

विद्यालयका प्रधानाध्यापकका अनुसार, पहिलोपटक विद्यालयमा सबै विद्यार्थी र शिक्षकहरूका लागि पर्याप्त स्थान भएको छ, जसले सकारात्मक, शान्त सिकाइ वातावरण बनाएको छ। अब कक्षाहरू उज्यालो र रंगीन  छन्, जहाँ  हरेक बालबालिका समेटिएका, देखिएका, र हौसला दिइएका अनुभव गर्छन्।

आज मौभेरी आधारभूत विद्यालय केवल एउटा विद्यालय होइन यो समावेशी, गुणस्तरीय शिक्षाको प्रतीक हो र उज्यालो सम्भावनाहरूले भरिएको भविष्यको संकेत पनि।

# समावेशिता सुरु हुन्छ, पहिचानबाट

## बाल संरक्षण तथा बाल प्रायोजन

खगेन्द्र बझाङ जिल्लाको एक विपन्न परिवारका १२ वर्षीय बालक हुन्। उनी जन्मिँदा एकदमै स्वस्थ थिए, तर नौ महिनाको हुँदा उनको शरीर सुन्निन थाल्यो र उनी अंशतः पक्षघात भएका थिए। उनका आमा-बुबा निरक्षर थिए र औपचारिक उपचारप्रणालीबारे जानकारी नभएकाले उनीहरू खगेन्द्रलाई विभिन्न धामीझाँक्रीकहाँ लगिरहे। धेरै प्रयास गर्दा पनि खगेन्द्रको अवस्था सुधारिनुको साटो झनै बिग्रँदै गयो।

समय बित्दै जाँदा खगेन्द्रले बोल्ने क्षमता गुमाए। त्यसैगरी, उनी एक्लै छोड्दा घरबाट भाग्ने बानीसमेत विकास भयो कहिलेकाहीँ त धेरै टाढा पुग्ने गर्थे, जबसम्म उनको शरीरले चल्नै सक्दैनथ्यो। शारीरिक रूपमा सामान्य देखिए पनि खगेन्द्र एक किसिमको लुकेको अपांगता सँग जिउन बाध्य छन्, जसले उनको दैनिक जीवन गम्भीर रूपमा प्रभावित बनाएको छ।

यस अवस्थालाई बुझेर, प्रगतिशील युवा समाजले वर्ल्ड भिजन इन्टरनेसनल नेपालको सहकार्यमा सुरक्षा तथा समुदाय संलग्नता र प्रायोजन कार्यक्रम अन्तर्गत एक स्वास्थ्य शिविरको आयोजना गर्‍यो। त्यहीँ खगेन्द्रको अन्ततः मूल्यांकन गरियो र उनी अपांगता भएका बालकको रूपमा पहिचान गरिए।

किनभने उनको अवस्था सजिलै देखिने खालको थिएन, उनले पहिले कहिल्यै अपांगता परिचयपत्र (DIC) पाएका थिएनन् जुन सरकारी सेवा र सहुलियतहरूमा पहुँचका लागि एक अत्यावश्यक कागजात हो। तर परियोजनाको निरन्तर वकालत र स्थानीय सरकारसँगको समन्वयका कारण खगेन्द्रको परिवारले आवश्यक सहयोग पाउन थाले। साथै, उनीहरूलाई आय आर्जनमा टेवा पुग्ने सामग्री सहयोग पनि प्रदान गरियो, जसले दैनिक जीवनका चुनौतीहरू केही सहज बनायो।



खगेन्द्रकी आमा उनलाई घर लग्दै।



खगेन्द्र दौडिँदै।

अन्ततः, वर्षौंसम्म बेवास्ता भएका खगेन्द्रले आफ्नो अपांगता परिचयपत्र पाए। यो सानो कार्डले ठूलो अर्थ बोकेको छ यसले उनलाई सेवा, सुविधा र सम्भावनाहरूको ढोका खोलिदिएको छ, जहाँ उनी देखिन्छन्, चिनिन्छन्, र सम्मान पाउँछन्।

खगेन्द्रको कथा हामीलाई सम्झाउँछ साच्चिकै समावेशिता पहिचानबाट सुरु हुन्छ, र हरेक बालबालिका—जो जसरी भए पनि—गनिनु पर्दछ, चिनिनु पर्दछ।

SCAN HERE FOR SOCIALS